# नेपाली बालसाहित्यको इतिहास

लेखक

## प्रमोद प्रधान

प्रकाशक

विवेक सिर्जनशील प्रकाशन प्रा.लि.

काठमाडौँ

दोस्रो संस्करण २०६१

श्री प्रमोद प्रधानले लेख्नुभएको नेपाली बालसाहित्यको इतिहास पुस्तकको एउटा अध्याय “नेपाली भाषामा बालसाहित्य” का दुई भाग, १) लोकबालसाहित्य र २) लिखित बालसाहित्यमध्ये दोस्रो भागले नेपाली बालसाहित्यको वि.सं. २०६० सम्मको इतिहास समेटेको छ। यहाँ उक्त खण्ड जस्ताको तस्तै उतार गरी प्रस्तुत गरिएको छ। लेखकको अनुमति लिएर यसको उपयोग गर्न सकिन्छ।

# लिखित बालसाहित्य

बालबालिकाहरूका औपचारिक शिक्षाका लागि लेखिएका पाठ्यपुस्तक, अन्य सहायक पठनसामग्री र अनौपचारिक शिक्षणसामग्रीलाई लिखित बालसाहित्यअन्तरर्गत लिन सकिन्छ । जब समाजमा बिस्तारै ज्ञान र चेतनाको अभिवृद्धि हुँदै जान्छ र शैक्षिक जागरणको उज्यालो फैलन थाल्छ तब बालबालिकाहरूको बौद्धिक-मानसिक विकासका लागि लिखित बालसाहित्यको आवश्यकता महसुस हुन्छ । हाम्रो सर्न्दभमा पनि लोकबालसाहित्यको अविच्छिन्न लामो परम्परापछि लिखित बालसाहित्यको परम्परा क्रमिक रूपमा अघि बढेको पाइन्छ । लिखित बालसाहित्यको विकासलाई पनि दुई भागमा विभाजन गरी हेर्न सकिन्छ -

१. पाठ्य बालसाहित्य

२. पाठ्येतर बालसाहित्य ।

## १.पाठ्य बालसाहित्य

राणाकालीन राजनीतिक निरङ्कुशताका कारण शिक्षामा लगाइएको बन्देजले गर्दा नेपाली भाषामा पाठ्य बालसाहित्यको लेखनक्रम अत्यन्तै ढिलो सुरु भएको पाइन्छ । जबसम्म देशमा शैक्षिक विकासका साथै चेतनाको द्वार खुन्दैन र विद्यालयको स्थापना, अध्ययनप्रणालीको विकास, पाठ्यक्रमको निर्माण र विकास हुँदैन तबसम्म पाठ्य बालसाहित्यको लेखन सम्भव हुँदैन । यही कारणले नेपाली भाषामा पाठ्य बालसाहित्यको रचना हुन थालेको अहिले एकसय बाह्र वर्ष मात्र पुगेको देखिन्छ ।

बालबालिकाहरूलाई औपचारिक रूपमा शिक्षा दिनका लागि पुस्तकहरूको अभावलाई दृष्टिगत गरी निस्केका पुस्तकहरूमा अहिलेसम्मको खोज र अन्वेषणले पहिलो पुस्तक हुने श्रेय प्राप्त गरेको छ गोर्खा पहिलो किताबले । बालपाठ्यपुस्तकका रूपमा निस्केको यस पुस्तकका लेखक गङ्गाधर द्रविड थिए र यो पुस्तक वि.सं. १९४९ मा निस्केको देखिन्छ ।

हुन त त्यसबेला नेपालमा विद्यालयको स्थापना भएको थिएन, तर पनि आआफ्नो घरमा केटाकेटीहरूलाई पढाउनका लागि समेत बालपाठ्यपुस्तकको अभाव देखिएकाले नै द्रविडले त्यसतर्फ कलम चलाएको अनुमान गर्न सकिन्छ । गङ्गाधर द्रविडलाई गङ्गाधर शास्त्री पनि भनिएको छ । आचार्य वंशावली (१९५९) को रचनासँग पनि उनको नाम जोडिएको र उनको गोर्खा पहिलो किताबबाहेक इङ्गलिस गाइड पार्ट १ (सन् १८९२) र सर्वसङ्ग्रह

(१९५३) पनि छापिएको अनुसन्धाताहरूले उल्लेख गरेका छन् । शरद्चन्द्र शर्मा भट्टराईका अनुसार “यी तीनै पुस्तकलाई हरिहर शर्माको फर्मले प्रकाशित गरेको देखिन्छ । यीमध्ये पहिलो पुस्तकमा विज्ञापनअन्तर्गत् ‘१५ दिनभित्र दोस्रो भाग निस्कँदैछ, जसमा कथा र नीतिका कुरा पनि रहनेछन्’ भनिएको छ ।” उनले सर्वसङ्ग्रहको पृष्ट ६६ देखि ७२ सम्म चुटकुलारूपका “विश्वास”, “नरकजा”, “सुंगुर”, “बाठो उल्लु”,जस्ता ससाना कथा सङ्गृहीत

रहेको पनि चर्चा गरेका छन् । ('सामान्य आख्यानकार र उनका कृति', माध्यमिक नेपाली गद्याख्यान (अनुसन्धानग्रन्थ), काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०५०, पृ. २२२-२२३ ।)

बालबालिकाहरूलाई औपचारिक रूपमा शिक्षा दिनका लागि राणा प्रधानमन्त्री देवशमशेरले वि.सं. १९५८ मा पहिलोपल्ट विद्यालयको स्थापना गरेपश्चात् नेपाली भाषामा पाठ्यसामग्रीको आवश्यकता महसुस गरियो र यस कार्यमा राजा जयपृथ्वीबहादुर सिंह (१९३४-१९९७) ले आफ्नो प्रयासलाई केन्द्रित गरे । वास्तममा बालबालिकाहरूका लागि उपयोगी हुने विविध विषयका पाठ्यपुस्तकहरू तयार गर्ने कार्यमा राजा जयपृथ्वीबहादुर सिंहको योगदान अद्वितीय र अविस्मरणीय छ । उनले अक्षेराङ्क शिक्षा (१९५८), बालबोध ( भाग- १, १९५८) साहित थुप्रै बालपाठ्यपुस्तक रचना गरेको देखिन्छ । स्रेस्ताबोध (भाग १ र २), पदार्थ तत्व विवेक (१९६२), इतिहास शिक्षा दर्पण ( १९६४), व्यवहारमाला (१९६५), भूगोल विद्या (१९६७), प्राकृति व्याकरण (१९६९), र तत्वप्रशंसा (१९७०) जस्ता उनका कृति पनि बालपाठ्यसामग्रीका रूपमा अत्यन्त महत्वपूर्ण छन् । "केटाकेटीहरूलाई अक्षर पढ्न लेख्न सिकाउनेदेखि लिएर घरायसी स्रेस्ता, ज्ञानगुनका कुरा सजिलै सिकाउने उनका पुस्तकहरू बालसाहित्यका रूपमा विशेष भूमिका राख्छन् ।" (घटराज भट्टराई, प्रतिभैप्रतिभा र नेपाली साहित्य ( परिचयात्मक जीवनी), काठमाडौं : नेसनल रिसर्च एसोसिएट्स, २०४०, पृ. ७२ ।)

हुन त उनीभन्दा पहिले पनि पाठ्यबालसामग्रीतर्फ केही प्रयास भएको पाइन्छ । यस्ता प्रयास गर्नेहरूमा गोपाल पाण्डे, नन्दिकेश्वर, डमरुबल्लभ पोखरेल, शिखरनाथ सुवेदी आदि थिए । (शरद्चन्द्र शर्मा, 'नेपाली बालशिक्षा र साहित्यको प्रारम्भिक प्रचेष्टा' (लेख), बालसाहित्य ( वार्षिक), २०४६, पृ. २७ ।)

नेपाली भाषामा शिक्षा दिन त्यसबेलाको समय र परिस्थितिमा सक्रिय भूमिका खेल्ने जयपृथ्वीबहादुर सिंहलाई "बालसाहित्यको पहिलो जन्मदाता भन्न नसकिए पनि १९५८-१९७२ का बीचमा उनले प्रकाशित गरेका बालोपयोगी पुस्तकहरूका विषय एवम् शैलीलाई हेर्दा उनी सचेत व्यक्ति थिए र जनस्तरमा शिक्षाको प्रचार चाहन्थे भन्ने देखिन्छ" (पूर्ववत्, पृ. २७ ।) यो भनाइमा सहमति जनाउन सकिन्छ।

वि.सं. १९७० मा गोर्खा भाषा प्रकाशिनी समितिको स्थापना भएपछि बालपाठ्यसामग्रीको लेखन र प्रकाशनमा संस्थागत प्रयासको थालनी भएको देखिन्छ । यस समितिद्वारा बत्तीस शीर्षकका विभिन्न पुस्तक प्रकाशित गरिएको समितिका प्रथम अध्यक्ष राममणि आ. दी. (१९३९-२०२८) ले पुरानो सम्झना पुस्तकमा उल्लेख गरेका छन् । हुन त केही लेखकले राममणि आ.दी. ले गोर्खा सङ्क्षिप्त भारत, प्रबन्ध रचना शिक्षा, नेपाली भूगोल, आरोग्य शिक्षा, शिशुबोधिनी, गणित शिक्षा, पत्रबोध, कृषि शिक्षा, गोर्खा अदालती शिक्षा (भाग १-४) र स्रेस्ता शिक्षा (भाग १-८) जस्ता पुस्तकहरू लेखेको कुरा उल्लेख (घटराज भट्टराई , पूर्वतत् , पृ. ९० ।) गरे पनि यी कुरा विवाददास्प नै छन् । राममणि आ.दी.स्वयम्ले पुरानो सम्झनामा आफूले पनि लेखेका पुस्तकहरूबारे केही उल्लेख नगर्नाले पनि यी पुस्तकहरू उनले लेखेको कुरामा शङ्का उब्जिएको हो । जे होस्, "नेपाली गद्य साहित्यलाई आधुनिक रूपका साथ शैक्षिक क्षेत्रमा प्रवेश गराउन यस संस्थामार्फत् राममणिले खेलेको भूमिका प्रशंसनीय देखा पर्छ ।" (शैलेन्दुप्रकाश नेपाल , राममणि आ. दी. : व्यक्ति र कृति ( समालोचनात्मक ग्रन्थ), काठमाडौं सिर्जना प्रकाशन, २०५०, पृ. ३८ ।) गोर्खा भाषा प्रकशिनीसमितिबाट चक्रपाणि चालिसे,

लेखनाथ पौड्याल, रुद्रराज पाण्डे, वदरीनाथ भट्टराई आदिका बालोपयोगी पाठ्यकृतिहरू पनि प्रकाशित भएका छन् ।

चक्रपणि चालिसे (१९४०-२०१५) ले गोर्खा भाषा प्रकाशिनी समितिको स्थापनापछि त्यहाँ कार्यरत भई थुप्रै बालपाठ्यपुस्तकको लेखन र सम्पादनकार्य गरे । "समितिमा रहँदा कति लेखे, कति सम्पादन गरे र कति परिश्रम गरे, त्यसताक पुस्तकमा नाम नरहने हुँदा एकएक उल्लेख गर्न सकिँदैन... उनैले लेखेका तर समय र परिस्थितिले नाम नलेखिए पाठ्यपुस्तकहरूमा गोर्खा शिक्षा (भाग १,२ र ३), पत्रबोध (भाग १ र २), धर्म शिक्षा (भाग १ र २), शिशुबोधिनी, स्वाथ्य विज्ञान, प्रबन्ध रचना शिक्षा, आरोग्य शिक्षा, स्तोत्रावली आदि थुप्रै छन्" भनेर घटराज भट्टराईले उनीहरूबारे उल्लेख गरेका छन् । (घटराज भट्टराई, पूर्ववत्, पृ. १०६-१०८ ।) उनले लेखेका सङ्क्षिप्त रामायण (१९७२) र सङ्क्षिप्त महाभारत ( १९७४) पनि बालेपयोगी पुस्तकका रूपमा रहेका छन् । चालिसेले नेपाल शिक्षाका पाँच भाग पनि लेखेको तथ्य नेपाली साहित्यको इतिहासमा उल्लेख छ । (तारानाथ शर्मा, काठमाडौं : सङ्कल्प प्रकाशन, २०३९, पृ. ७४।) लक्ष्मीप्रसाद सापकोटाद्वारा लिखित बालशिक्षा (१९७७) पनि यसै सन्दर्भमा उल्लेखनीय देखापर्छ ।

कविशिरोमणि लेखनाथ पौड्याल (१९४१-२०२२) का छुट्टै बालपाठ्यपुस्तक प्रकाशित नभए पनि गोर्खा शिक्षा (भाग १) र गोर्खा शिक्षा (भाग २) मा केही बालकविता सङ्कलित छन् । "गौंथलीको चिरीविरी" उनको प्रसिद्ध बालकविता हो । रुद्रराज पाण्डे ( १९५७-२०४३) का नीतिकथा समुच्च र इसप नीतिकथाजस्ता कृति बालोपयोगी पाठ्यकृतिकै रूपमा लेखिएको अनुमान छ, जुन क्रमशः १९९० र १९९७ सालमा छापिएको थियो । यसअघि नै देवीदत्त पुराजुली (१९३०-२०१०) का रचना चन्द्रोदय, व्याकरण चन्द्रिका र रचना चन्द्रिका छापिएको देखिएको छ, तर यी कृतिहरूको प्रकाशन मितिबारे यकीन रूपमा थाहा हुन सकेको छैन । बालपाठ्यपुस्तकका रूपमा महानन्द सापकोटा (१९५३-२०३५) को हाम्रो साहित्यको भाग १ देखि ४ सम्म प्रकाशित छ । साथै तुलसीप्रसाद ढुङ्गेल (१९५७-२०३९) का सामाजिक शिक्षाका विभिन्न भाग, नेपाली रचनाशिल्प र नेपालको इतिहास छापिएका छन् ।

यसै गरी बदरीनाथ भट्टराई (१९६५-२०५२) का नेपाल तारा, पौराणिक कथा, धर्मबोध ( भाग १-५), प्रबन्धपल्लव, अनुवादबोधिनी र अनुवाद प्रकाशिकाजस्ता बालपाठ्यपुस्तक तथा पौराणिक कहानी (२०१०), ऐतिहासिक कहानी (२०१५) र वैदिक कहानी (२०१९) जस्ता बालोपयोगी पुस्तकहरू प्रकाशित छन् । उनले आफ्ना कृतिहरूमार्फत नैतिकता र आदर्शको पाठ पढाएर बालबालिकाहरूलाई सच्चरित्र बन्ने प्रेरणा प्रदान गरेको पाइन्छ ।

गोपाल पाँडे असीम (१९७०-२०३५) को राष्ट्रभाषा र साहित्यका भाग ३,४,५,६,७ र ८ प्रकाशित छन् । यस्तै ह्रस्व दीर्घको सवाई (१९९७) र रचना दर्पण (व्याकरण, भाग १,२ र ३, २००१-२०११) पनि बालोपयोगी कृति हुन् । उनको रचनाकेशर (२००९) व्याकरणका रूपमा लोकप्रिय कृति हो । जनकलाल शर्मा (१९८३-२०५६) ले पनि राम्रो नेपाली साहित्य भाग ४ सम्म एक्लैले र भाग ५ देखि ७ सम्म राजेश्वर देवकोटा ( १९८६) सँग मिलेर लेखेका छन् । उनको नेपाली व्याकरण (भाग १,२ र ३) तथा चिठीपत्र र निबन्ध पनि बालपाठ्यपुस्तकका रूपमा उल्लेख्य पुस्तक हुन् ।

यीबाहेक सागरमणि आ.दी. (१९७२-२०४५) का थुप्रै बालपाठ्यपुस्तक प्रकाशित छन् भने श्यामकृष्ण गौतम, चित्तरञ्जर नेपाली, देवीप्रसाद काफ्ले र नेत्रबहादुर थापा पनि बालपाठ्यपुस्तक लेखनमा अग्रणी देखापर्छन् । श्यामकृष्ण गौतमका निबन्धसङ्ग्रह ( २००२), भाषाबोध (भाग १ र २, २०१८) र

सहायक प्रवेशिका, चित्तरञ्जर नेपाली (१९८८) का बाल ज्ञानकिरण (भाग १,२ र ३) र नेपाली इतिहास परिचय (भाग १,२ र ३), देवीप्रसाद काफ्ले (१९९४) का नेपाली रचना कुसुम (विभिन्न भाग), नेपाली साहित्य कुसुम (भाग १ देखि ६), राष्ट्रिय प्रसिद्ध पुरुष र नानीको साथी तथा नेत्रबहादुर थापा (२००२-२०३२) का निकै बालपाठ्यपुस्तक यस सन्दर्भमा उल्लेखनीय छन् । यसरी पाठ्यबालसाहित्य तयार गर्ने कार्यमा श्यामदास वैष्णव (१९८१) को पनि योगदान रहेको छ ।

बालपाठ्यपुस्तक लेख्ने अन्य लेखकहरूमा खड्गमान मल्ल (१९६८-२०५४), केशवलाल कर्माचार्य (१९८३-२०४६), शङ्कर लामिछाने (१९८४-२०३२) र हर्षनाथ भट्टराई (१९८४) पनि उल्लेखनीय छन् । खड्गमान मल्लको सजिलो नेपाली साहित्य (संयुक्त रूपमा), केशवलाल कर्माचार्यका बालनिबन्ध र पत्रपरिचय (२०१३), नयाँ नेपाली साहित्य (भाग १,२ र ४), सरल नेपाली प्राइमर (भाग १ र २), मेरो साहित्य प्राइमर (भाग १ देखि ५ सम्म), वीरेन्द्र साहित्य प्राइमर र बालबोध व्याकरण, शङ्कर लामिछानेको सम्पादनमा हाम्रो साहित्य (भाग १-८) एवम् हर्षनाथ भट्टराईका नेपाली साहित्य परिचय, अनिवार्य नेपाली रचना (२०२३ , नेपाली व्याकरणबोध र नेपाली शव्दशुद्धिजस्ता बालपाठ्यपुस्तक प्रकाशित छन् । बालकृष्ण पोखरेल (१९९०) का हिमाली साहित्य (भाग ४-१०) र हिमाली रचना (बालनिबन्ध) पनि पाठ्यबालसहित्य नै हुन् ।

नेपालबाहिर दार्जिलिङ र वाराणसीले पनि नेपाली पाठ्य बालसाहित्यको लेखन र प्रकाशनमा त्यसताक महत्वपूर्ण योगदान दिएको देखिन्छ । दार्जिलिङमा पादरी गङ्गाप्रसाद प्रधान (१९०८-१९८९) ले बालपाठ्यपुस्तकको निर्माण र अनुवादका माध्यमबाट यसतर्फ दृष्टि दिएका थिए भने त्यसपछि पारसमणि प्रधानले म्याकमिलन कम्पनीमार्फत बालपुस्तकहरू प्रकाशित गरी यस क्षेत्रमा उल्लेखनीय कार्य गरे । (कृष्णप्रसाद पराजुली, 'बालसाहित्यको लेखन र भाषा' (लेख), भाषाको माया (लेखनिबन्ध-सङ्ग्रह), काठमाडौं : रत्न पुस्तक भण्डार, २०४४, पृ. ६७ । पादरी गङ्गाप्रसाद प्रधान स्वयम्ले र मिस गोलेनसँग मिलेर अनुवाद गरेका यस्ता पुस्तकहरूमा मीठो गीत गाउने चराको विषयमा (१९६७), हाँसको नराम्रो चल्लाको कथाहा (१९७१), एक बतौरे साथी (१९७३), मान्छे माछाको कथाहा (१९७७) र सुनौलो कथाको पुस्तक (१९७९) भएको अनुसन्धाता शरद्चन्द्र शर्माले उल्लेख गरेका छन् । "उनले स्वयं आफैले र मिस गोलेनसँग मिलेर लेखेका आख्यान कृतिहरू वि.सं. १८६४-७९ का बीचमा छापिएका थिए । यीमध्ये अग्ली डक्लिङ अर्थात् हाँसको नराम्रो चल्लाको कथाहा, एक बतौरे साथी, सुनौलो कथाको पुस्तक प्रसिद्ध बालकथा लेखक हान्स एन्डरसनका बालआख्यानका अनुवाद हुन् । शैक्षिक एवं मनोरञ्जनपरक उद्देश्य लिएर लेखिएका यी कथाख्यानका अनुवादले आफ्नो समयमा बालक, किशोर एवं तन्नेरीलाई बौद्धिक खुराकको खजाना नै दिएका हुन् । अङ्ग्रेजी स्रोतको कथालाई नेपालीमा प्रवेश गराउनेमा पादरी गङ्गाप्रसाद प्रधानको औधी महत्व छ ।" (शरद्चन्द्र शर्मा भट्टराई, माध्यमिक नेपाली गद्याख्यान (अनुसन्धान-ग्रन्थ), काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५०, पृ. १८३ ।)

दार्जिलिङमा नेपाली भाषामा बालपाठ्यपुस्तक र साहित्य तयार गर्ने कार्यमा सर्वाधिक योगदान गर्ने व्यक्ति भने पारसमणि प्रधान (१९५५-२०४२) हुन् । उनले तयार पारेका यस्ता पुस्तकहरूको संङ्ख्या एक सयभन्दा बढी छ र तिनीहरू कुनै एक विषयमा मात्र सीमित छैनन् । हिन्दी-वङ्गाली भाषामा पढ्नुपर्ने बाध्यताको अन्त्य गर्न नेपाली भाषामा पाठ्यपुस्तक हुनु

जरुरी भएकाले उनले तत्कालीन समयमा जुन आँट, धैर्य, समर्पण र सक्रियताका साथ बालपाठ्यपुस्तक तयार गरे त्यो एक बेग्लै प्रसङ्ग हुन सक्छ । पारसमणि प्रधानले तयार पारेका यस्ता पुस्तकहरूमा नेपाली साहित्य कथा (भाग १-४), नेपाली सजिलो साहित्य (भाग १-४), नेपाली साहित्य भारती (भाग १-६), नेपाली साहित्य शिक्षा ( भाग १-३), नेपाली साहित्य परिचय (भाग १-२) लगायत थुप्रै कृति छन् । (प्रमोद प्रधान, 'नेपाली बालसाहित्यको सङ्क्षिप्त विश्लेषणात्मक अध्ययन' (समालेचना), गरिमा (समालोचना विशेषाङ्क), २०५१ वैशाख, पृ. ३७७ ।) वास्तवमा उनले बालोपयोगी इतिहास जीवनी, बालकथा, बालकवितालगायतका विषयमा गरेको योगदान अविस्मरणीय र बेजोड रहेको छ । (जीवन नामदुङ, बालोपयोगी पाठ्यपुस्तकका लेखक : पारसमणि' (लेख), डा. पारसमणि प्रधान अभिनन्दनग्रन्थ, सिक्किम : गान्तोक प्रकाशन, १९८६ इ., पृ. १५ ।) "बालसाहित्यका थुप्रै पुस्तकहरू लेखेर बालबालिकाहरूलाई सरल र उपयोगी पाठ्यसामग्री एकातिर दिए भने अर्कातिर उनले नेपाली र अङ्ग्रेजी अनि अङ्ग्रेजी र नेपाली शब्दकोश तयार पारेर शब्दकोशको कमी पूरा गरे ।" (घटराज भट्टराई, पूर्वतत्, पृ. १९६ ।) उनलाई यस्ता पुस्तक तयार पार्ने काममा भाइ शेषमणि प्रधान तथा छोराहरू नगेन्द्रमणि प्रधान, रुद्रमणि प्रधान, शिवमणि प्रधान र अमरमणि प्रधानले पनि सहयोग पुऱ्याएका थिए ।

दार्जिलिङकै बाबुलाल प्रधानको पनि बालपाठ्यसामग्री लेखनमा महत्वपूर्ण देन रहेको छ । (देवकुमारी थापा, 'बालसाहित्यः आजको सर्न्दभमा' (लेख), नेपाली साहित्य : आजको सर्न्दभमा (समीक्षात्मक लेखसङ्ग्रह), विराटनगर : विराट साहित्य संस्थान, २०३८, पृ. २ ।) उनको दुई दर्जनभन्दा बढी बालपाठ्यपुस्तक भारतबाटै निस्केका छन् । कालिम्पोङ्का भाइचन्द प्रधान (१९९०) का शिशु नेपाली व्याकरण, आधुनिक नेपाली व्याकरण (भाग १ देखि ४), नव नेपाली व्याकरण र सुगम नेपाली व्याकरण र रचना (संयुक्त) जस्ता व्याकरणसम्बन्धी बालपाठ्यपुस्तक निस्केका छन् । दार्जिलिङबाटै लक्खीदेवी सुन्दास ( १९९०) का केही बालपाठ्यसामग्री प्रकाशित छन् भने राजनारायण प्रधान ( १९९२) का बालपाठ्यपुस्तकका ४२ सङ्ग्रह प्रकाशित भएको नेपाली लेखककोशमा उल्लेख छ । यस्तै सिक्किममा राधाकृष्ण शर्मा (२००९) ले दुई दर्जनभन्दा बढी बालपाठ्यपुस्तक लेखेर यस क्षेत्रमा योगदान पुऱ्याएका छन् ।

यसप्रकार पाठ्य बालसाहित्य तयार गर्ने कार्य वि.सं. १९४९ मा सुरु भई निरन्तर रूपमा भइरहेको छ । वि.सं. २०२८ मा नयाँ शिक्षापद्धतिको योजना लागू हुनुअघि भक्तबहादुर पब्लिसर्स, रत्न पुस्तक भण्डार, सहयोगी प्रकाशन, साझा प्रकाशन, सरस्वती वुक डिपोलगायतका प्रकाशनसंस्थाहरूबाट बालपाठ्यसामग्री प्रकाशित हुदै आएको थियो भने नयाँ शिक्षापद्धतिको योजना लागू भएपछि यसको एकाधिकार जनक शिक्षा सामग्री केन्द्रले प्राप्त गऱ्यो । यसले गर्दा पाठ्य बालसाहित्यको लेखन र प्रकाशनकार्यमा शिथिलता आउनु स्वाभाविक थियो ।

जनक शिक्षा सामग्री केन्द्रले विगतमा महेन्द्रमालाका विभिन्न भागका साथै पाठ्यक्रमसँग सम्बन्धित अन्य कक्षागत पुस्तकहरू प्रकाशन गर्दै आएकोमा अहिले पनि त्यसलाई निरन्तरता दिएको छ । केन्द्रले अहिले महेन्द्रमालाको सट्टा कक्षा १ देखि ५ सम्मका लागि मेरो नेपाली किताब, कक्षा ६ देखि ८ सम्मका लागि हाम्रो नेपाली किताब र कक्षा ९ र १० का लागि नेपाली शीर्षकमा पुस्तकहरू प्रकाशित गरेको छ ।

अङ्ग्रेजी र नेपाली माध्यमका निजी विद्यालयहरू प्रशस्त मात्रामा खोलिन

थालेपछि अन्य प्रकाशनसंस्थाहरू पनि अहिले सहायक बालपाठ्यसामग्रीको उत्पादनतर्फ पुनः सक्रियताका साथ लागेको पाइएको छ । यसरी प्रकाशित बालपाठ्यसामग्रीहरूमा डा.तारानाथ शर्मा (१९९२) का सजिलो नेपाली र हाम्रो नेपाली व्याकरण (भाग ५-८), ठाकुर पराजुली (१९९७) र वासुदेव त्रिपाठी (१९९९) का हिमाली साहित्य र नेपाली साहित्य शृङ्खला (भाग १ र २), देवीप्रसाद सुवेदी (२००५) को हाम्रो भाषा (भाग १-५), शरच्चन्द्र वस्तीको सुनगाभा शृङ्खलाहरू, डा. तारानाथ शर्मा र शरच्चन्द्र वस्तीको सगरमाथाका शृङ्खलाहरू, महादेव अवस्थी (२०१५) र पारसमणि भण्डारी (२०१३) का सरल नेपाली शृङ्खलाका भाग १ देखि ८, डा. भूपहरि पौडेल (२०१३) को हाम्रो लालीगुराँस तथा बेगेन्द्र सुब्बा र रामचन्द्र खनालका रसिलो नेपाली माला (भाग क, ख, १,२,३ र ४), उल्लेखनीय छन् । यस्तै साझा प्रकाशनद्वारा प्रकाशित साझा नेपाली (नेपाली शृङ्खलाको भाग क, ख, १,२,३,४ र ५) लाई पनि यस सन्दर्भमा विर्सन सकिन्न । बालपाठ्यसामग्री प्रकाशन गर्नेहरूमा नेपाली साहित्य प्रकाशन केन्द्र, एकता प्रकाशन, कोसेली प्रकाशन र आठराई प्रकाशनको सहभागिता देखिएको छ ।

पाठ्य बालसाहित्यको सम्बन्ध सरकारको शिक्षा नीति, पाठ्यक्रम र पाठ्यविषयहरूसँग हुने भएकाले तदनुरूप नै पाठ्य बालसाहित्यको लेखन र प्रकाशन हुनु स्वाभाविक हो ।

## २. पाठ्येतर बालसाहित्य

विद्यालयको पाठ्यक्रमलाई अधार नमानी स्वतन्त्रतापूर्वक लेखिएका बालपुस्तकहरू नै वास्तवमा बालसाहित्य हुन् । बालबालिकालाई पाठ्यपुस्तकका अतिरिक्त अनौपचारिक पाठ्यसामग्रीको पनि आवश्यकता हुन्छ भन्ने धारणा जागृत नभइसकेको हाम्रो देशमा यस्ता पुस्तकहरूको लेखन र प्रकाशनको सुरुआत धेरै पछि मात्र हुनुलाई अस्वाभाविक मान्न सकिन्न । पाठ्येतर बालसाहित्यको विकासलाई चरणबद्ध रूपमा अध्ययन गर्ने हो भने वि.सं. १९९७ देखि वि.सं. २०३५ सम्मको अवधिलाई पहिलो चरण र वि.सं. २०३६ पछिको अवधिलाई दोस्रो चरणका रूपमा लिनुपर्छ । वि. सं. १९९७ मा महाकवि लक्ष्मीप्रसाद देवकोटाको बालखण्डकाव्य **राजकुमार प्रभाकर** प्रकाशित भएको हुनाले सो वर्षदेखि पाठ्येतर बालसाहित्यको प्रथम चरण सुरु भएको मानिएको हो भने वि.सं. २०३६ 'अन्तराष्ट्रिय वालवर्ष' का रूपमा मनाइएपछि बालसाहित्यतर्फ थप जागरुकता र बालसाहित्यको प्रकाशनमा केही तीव्रता आएकाले सो वर्षदेखि द्वितीय चरण सुरु भएको ठानिएको हो ।

वास्तवमा नेपाली बालसाहित्यतर्फ सचेत रूपमा पहिलो पाइला चाल्ने व्यक्ति महाकवि लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) नै हुन् । (सीता कटवाल, नेपाली बालकविताको अध्ययन, स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, २०५०, पृ. ९१ ।) वि.सं. १९९७ मा प्रकाशित राजकुमार प्रभाकर देवकोटाकै प्रथम बालकृति मात्र नभई नेपाली भाषामा लेखिएको वालसाहित्यकै प्रथम कृति र पहिलो बालखण्डकाव्य पनि हो । चार जना पात्रपात्राहरूमार्फत प्रस्तुत राजकुमार प्रभाकर खण्डकाव्यको कथा लोककथामा आधारित छ भने देवकोटाले सरल भाषा, विभिन्न वार्णिक छन्द तथा संवादात्मक र वर्णनात्मक शैलीको प्रयोगद्वारा प्रस्तुत काव्यलाई रोचक, शिक्षाप्रदक र मनोरञ्जनपूर्ण बनाएका छन् । महाकवि

देवकोटाले वालसाहित्यमा निरन्तर कलम चलाएर पुतली (२००९), सुनको बिहान (२०१०), चिल्ला पातहरू (२०१९) र छाँगासँग कुरा (२०२६) जस्ता कवितासङ्ग्रह र कटक (२०२६) वीरगाथाकाव्य प्रदान गरी नेपाली बालसाहित्यलाई पुष्ट बनाउन योगदान दिएका छन् ।

प्रथम चरणका महत्वपूर्ण वालसाहित्यलेखकहरूमा माधव घिमिरे, देवकुमारी थापा, रमेश विकल, कृष्णप्रसाद पराजुली र परशु प्रधान हुन् । नेपाली वालसाहित्यको कविताविधामा कवि माधव घिमिरे (१९७६) को योगदान विर्सिनसक्नु छ । घामपानी (२०१२) र बालालहरी (२०२०) मा उनका यस चरणका बालकविता सङ्ग्रहीत छन् । बालबालिकाहरूको रुचि र मनोभाव, उनीहरूको दैनन्दिनी, बालभाषाको प्रयोग र मनोरञ्जनलाई सूक्ष्म अध्ययन गरी लेखिएका कवि घिमिरेका बालकविताहरू नेपाली बालसाहित्यका महत्वपूर्ण प्राप्ति हुन् । देवकुमारी थापा (१९८४) ले दार्जिलिङ छँदै बालकथा र बालजीवनीका क्षेत्रमा सचेतताका साथ कलम चलाइन् । यस चरणमा उनका पुण्यात्मा आमा (२००९) र छ तारा (२०१०) दुई जीवनीसङ्ग्रह तथा रामेको कथा (२०१३) बालकथासङ्ग्रह दार्जिलिङबाट एवम् वरपरबाट (२०३३) बालकथासङ्ग्रह काठमाडौंबाट प्रकाशित भए । यसै चरणमा रमेश विकल (१९८५) का अगेनाको डिलमा (२०२३), पञ्चतन्त्रका कथाहरू (२०२३), एक्काइस रमाइला कथा (२०२४), कथाकुसुम (२०२६) र तेह्र रमाइला कथा (२०२९) जस्ता कृति प्रकाशित भएका थिए ।

पाठ्येतर बालसाहित्यको लेखनमा कृष्णप्रसाद पराजुली (१९९२) को नाम अत्यन्त श्रद्धा र सम्मानका साथ लिनुपर्छ । ‘नानीका कवि’ र ‘नानीका कथाकार’ समेत भनेर चिनिने पराजुलीका रमाइला नानीका तीन भाग (२०२२-२०२५) कवितासङ्ग्रह र सात गेडीको कथा (२०२७), सुनौला तीन कुरा (२०२७), चार चङेरी (२०२८), लुकामारी (२०३०) र सुनकेस्रा (२०३५) कथासङ्ग्रह यस चरणमा प्रकाशित भए । यस चरणमा नै परशु प्रधान (२०००) पनि अग्रणी बालसाहित्यलेखकका रूपमा देखा परिसकेका थिए । उनका नानीका कथा (२०२८), सुनको छाती (२०२९), रीताको स्कुल (२०२९), रङ्गीचङ्गी फूलबारी (२०२९), घामछाया (२०३०) र सुन्नेलाई सुनको माला (२०३०) प्रकाशित कृति हुन् ।

यसै चरणमा प्रकाशित बालसाहित्यका अन्य कृतिहरूमा ध्रुव दवाडीको बालविनोद (२०१४), मधुकरी कर्माचार्यको इन्द्रेणी (२०१७), कुलमणी देवकोटाको पुतलीको फूल (२०२५), कृष्णप्रसाद दुवालको मेरो गाँउघर (२०२५), बालकृष्ण पोखरेलका रसिला कविता (२०२५) र सानासानी (२०२५), जीवनलाल सत्यालको नानीका गीतहरू (२०२८) र नन्दराम लम्सालको मीठा कुरा (२०३१) जस्ता बालकविता-गीतसङ्ग्रहहरू, ध्रुवको बालकथा (१९५७ ई-२००४ ई), निमा छिरिङ् शेर्पाको सरल बालकथा (१९६३ ई.), कमलप्रकाश शर्माको बालकथासङ्ग्रह (भाग १ र २, २०२२), प्रकाश कोविदका हाम्रो कथा (भाग १, १९७० ई.) र (भाग २, १९७१ ई.), पासाङ्ग गोपर्माको बुहारी (२०२४), हरिश बमजनको पौराणिक कथा : वैज्ञानिक युग (१९६९ ई.), केदारमणि आ. दी. का नीतिका कथा (२०२५) र हितका कथा (२०२६), बालपुस्तक नेपाल (प्रकाशक) का आमाको खोजीमा फुल (२०२५) र अनान्सी (२०२६), देवीप्रसाद वनवासीको कथाकथ्यैरी (२०२७), गौरीरानी प्रधानको सुनको कथा (२०२९) र विश्वम्भर चञ्चलको पञ्चैबाजा (२०३०) जस्ता कथासङ्ग्रहहरू, बदरीनाथ भट्टराईको नेपालका तारा (२००९), उपगुप्त र बाबुलाल प्रधानको गौतमबुद्धको कथा (२०१३), राजनारायण प्रधानका पन्ध्र प्रसिद्ध पुरुष (२०१४) र नौ नामी नेता (२०२०),

बन्धुको महाकवि लक्ष्मीप्रसाद देवकोटा (२०१८), बालकृष्ण समको हाम्रो राष्ट्रिय विभूतिहरू (२०२४), जीवन अधिकारीको हाम्रा पुर्खा (२०२७) र यदुनन्दन के.सी. को नेपालका महान विभूतिहरू (२०३३) जस्ता बालपयोगी जीवनीसङ्ग्रहहरू उल्लेखनीय छन् । यस चरणमा नेपाली बालसाहित्यमा उपन्यास लेख्नेतर्फ लेखकहरूको ध्यान गएको फलस्वरूप भद्र थापा साबीको साबु (२०२२), अञ्जनादेवी भट्टराईको रामु र श्यामुको बहादुरी (२०२९) र शेषनारायण मानन्धरको सिरुकी बाख्री (२०२९) जस्ता उपन्यासहरू प्रकाशित भए ।

वि.सं. २०३६ मा अन्तराष्ट्रिय बालवर्ष मनाइएपछि बालसाहित्यको लेखन र प्रकाशनमा पहिलेभन्दा तीव्रता आउनुका साथै केही नयाँ प्रयासहरू पनि भए । कविता, कथा, जीवनी र उपन्यासमा सीमित नेपाली बालसाहित्य अब एकाङ्की र चित्रकथाजस्ता विधामा समेत लेखिन थाल्यो भने उपन्यासका माध्यमबाट वैज्ञानिक चेतना बालबालिकासम्म पुग्न थाल्यो । साथै बालबालिकाहरूलाई पठनसामग्रीका अतिरिक्त चित्रसज्जा र रङ्गद्वारा आकर्षण गर्नुपर्छ भन्ने चेतना पनि लेखक एवम् प्रकाशकहरूमा देखापऱ्यो ।

पहिलो बालएकाङ्कीसङ्ग्रहको रूपमा रमेश विकलको सातथुङ्गाा २०३७ सालमा प्रकाशित भयो भने चित्रकथाका क्षेत्रमा जनक शिक्षा सामग्री केन्द्रले रुचि लिएर थुप्रै कृति एकैपटक प्रकाशित गऱ्यो । वि.सं. २०३७ देखि २०४३ बीचका अवधिमा अर्जुनविलास पन्तका जूनकीरी (२०३७) र जस्तो काम : उस्तै माम (अनुल्लिखित), बालगोपाल कपालीको धनी मुसो (२०३७), रत्न कपालीको जमिनदारकी दुलही (२०३७), श्यामलाल श्रेष्ठको एकै झापटमा सात खत्तम (२०३७), पुरुषोत्तम सापकोटाका गणेशको लड्डु (२०३७) र बालक ध्रुव (२०३८), मनुजबाबु मिश्रका चङ्खे खरायो (२०३७) र चङ्खे बाँदर (२०४०), आभा मिश्रको जिब्रो कटुवा सुगा (२०३९) लगायतका चित्रकथाका पुस्तक प्रकाशित गरेर जनक शिक्षा सामग्री केन्द्रले यस क्षेत्रमा उल्लेखनीय योगदान गऱ्यो । साथै, प्राथमिक सामग्री एकाइ, पाठ्यक्रम पाठ्यपुस्तक निरीक्षण केन्द्रद्वारा उषा दीक्षितका फेरि मुसै भएस् (२०४२) र मुसीको बिहे (२०४३), विजय चालिसेको दयालु राजकुमार (२०४३), सुनीता मालाकारको रमेश र उमेश (२०४३) जस्ता तथा बालकोसेली प्रकाशनद्वारा रामबाबु सुवेदीको भ्यागुतो र बाछी (२०४२) र शान्तदासको चार डाला नाक (?) चित्रकथा प्रकाशित गरेर यस क्षेत्रलाई अझ अगाडि बढाउन मदत पुऱ्यायो ।

बालउपन्यासका क्षेत्रमा कवितारामले वैज्ञानिक चेतनालाई प्रवेश गराएर समयानुकूल बालसाहित्यको आवश्यकताको महत्वबोध गराए । वनदेवी (२०३६) बाट सुरु भएको उनको बालसाहित्यलेखन पानीको थोपा (२०३८), कमिलाको कथा (२०४८) हुँदै अनौठो यात्रा

(२०५८) सम्म पुग्यो । वि.सं. २०५९ मा उनको अर्को बालउपन्यास मावलीको यात्रा प्रकाशित भएको छ । यस चरणमा देखिएका अन्य उपन्यासहरू हुन्-गोविन्द पराजुलीको जालमाथि चाल (२०३६), एस.एस. बस्नेतको कलिला सपनाहरू (२०३७), रमेश विकलको विक्रम र नौलो ग्रह (२०३९), प्रेमा शाहका रामेको कथा (२०४२), आनन्दको आविष्कार (२०४३) र मनु र भङ्गेरा (२०४३), मोदनाथ प्रश्रितको चोर (२०४३), कल्पना प्रधानको ल्वाँदे र ग्वाँदे (२०५४), गोपाल पराजुलीको एकदिनको यात्रा (२०५७), जनार्दन जागरुकको सहस्राब्दीको यन्त्रमानव (२०५७), रञ्जुश्री पराजुलीको हरियाली (२०५८), कार्तिकेय घिमिरेका भूतराज (२०५८), डरलाग्दो राक्षसको खोजी (२०५८) अचम्मको देश (२०५९), शङ्कर कोइरालाको रिसको भागी (२०५८), शरद् पौडेलको लिखे (२०५८),

महेश पौडेलको नानीहरूको पुरुषार्थ (२०६०), लक्ष्मी उप्रेतीको साहसी आकांक्षा र पवन परी (२०६०), विजय सापकोटाको आमाको माया (२०६०), विनोद न्यौपानेको यतिको काखमा (२०६०), विजय चालिसेका मङ्गलग्रहमा विज्ञान (२०६०) र मुस्ताङ्को गुफा (२०६१), विजयराज आचार्यका परिवर्तन (२०६०) र नयाँ बस्ती (२०६१), सरुभक्तको अँध्यारो कोठा (२०६०), वर्तमानको नाकबहादुर र मुखबहादुर (२०६०), शाश्वत पराजुलीको आधा देशका राजकुमार (२०६०), सुधा रिसाल शर्माको डा. चिम्पु चिम्पान्जी (२०६१) र प्रदीप नेपालको दुर्गा हजुर्माको भूत (२०६१) ।

यस चरणमा माधव घिमिरे, देवकुमारी थापा, रमेश विकल, ध्रुवकृष्ण दीप, कृष्णप्रसाद पराजुली, जनकप्रसाद वनवासी, विश्वम्भर चञ्चल, प्रेमा शाह, गोपाल पराजुली, कल्पना प्रधान, रामबाबु सुवेदी, दैवज्ञराज न्यौपाने पनि अत्यन्त सक्रियताका साथ बालसाहित्यको विकासमा समर्पित रहे । यस अवधिमा माधव घिमिरेको सुनपङ्खी चरी (२०५३) बालकवितासङ्ग्रह, देवकुमारी थापाका कथाको बटुलो (२०३६), जङ्गलको कथा (२०३७) र सुनपखेटी चरी (२०४२) बालकथासङ्ग्रह एवम् रमेश विकलका बाह्र महिनाको गीत (२०४३) बालकवितासङ्ग्रह तथा म र मेरो छिमेक (दो.सं., २०४३), म र मेरो घर (२०४३), केही मूर्खहरूको कथा (२०४५), हिउँदे छुट्टी (२०४९), गैंथलीका घर (२०५२) र सङ्गत गुनको बुद्धि (२०५७), बालकथासङ्ग्रह, मान्छे, भौसी र मुरी चामलको भात (२०५७) चित्रकथा तथा अब तिमी नरोऊ किरण (२०५९) बालएकाङ्कीसङ्ग्रह देखा परे । ध्रुवकृष्ण दीपका बालभोग (२०४३), मनभोग (२०४४), तिलौरी (२०५४), पुष्टकारी (२०५५), बालपोष (२०५५), हातेमालो (२०५६) र सुनाखरी (२०५८) बालकविता-गीतसङ्ग्रह यसै चरणमा देखा परे । कृष्णप्रसाद पराजुलीले जूनतारा (२०४४) बालगीतिकाव्य, चरी आयो (२०४७) बालकवितासङ्ग्रह तथा हिमाली डाँफे (२०४४), मेरो मुरली (२०४८) र फुलजस्तो मन (२०५९) बालकथासङ्ग्रहका माध्यमबाट बालकविता र बालकथाका क्षेत्रमा योगदान दिए भने जनकप्रसाद हुमागाईका गोकुलकी आमा कसरी निको भइन् ? (२०३६), गुनिला पाँच बालकथा (२०४१), बाआमाको माया (२०४३), दिदीभाईको माया (२०४७), चम्पा र मायालु काका (२०५०), मालतीको यात्रावर्णन (२०५१), भाइबहिनीका कथा (२०५३), लहरेपीपलको कथा (२०५९), गल्ती पत्ता लताउने नाति (२०५९) र असल मित्र (२०६०) बालकथासङ्ग्रह, नानी पढ्छ (२०६०) बालकवितासङ्ग्रह र शब्दज्ञान (२०६०) बालनिबन्धसङ्ग्रह देखा परे ।

देवप्रसाद बनवासीका केही रमाइला कथा (२०३८), फूलपाती (२०४०), चुभुर-चुभुर (२०४२), छुनुमुनु (२०५१), सिरीखुरी (२०५४), बालसङ्गती (२०५८), र पन्ध्रकथा पन्चतन्त्रका (२०६०), बालकथासङ्ग्रह तथा असल मान्छे (२०४७) अद्भूत मान्छे (२०५६) बालजीवनीसङ्ग्रह, विश्वम्भर चञ्चलका ओक्कल दोक्कल (२०४२), मुसो चीं चीं बिरालो म्याउँ (२०४७) र भ्याँतैतुली (२०५३) बालगीत-कवितासङ्ग्रह, वायुपङ्खी घोडा (२०४६) र जादुको बाकस (२०५९) बालकथासङ्ग्रह, अष्टचिरञ्जीवी (२०५५) बालजीवनी, के कसरी बन्छ ? (२०५७) विज्ञान तथा वातावरणसम्बन्धी र हाम्रा सम्पदा (२०५८) प्राकृतिक तथा धार्मिक सम्पदासम्बन्धी बालकृति, प्रेम शाहका बालगीत (भाग १, २०४५) र बालगीत (भाग २, २०४५) बालगीतसङ्ग्रह तथा जिन्की र जोकर (२०४०), मन्टुकी बज्यैको कथाको पेटारो (२०४०), इन्द्रधनुष (२०४२), रङ्गीचङ्गी कथाहरू (२०४५), राम्रो काम (२०५१) र 'रे' का केही कथा (२०५१) बालकथासङ्ग्रह यस चरणका उल्लेखनीय कृति हुन् । यसै चरणमा गोपाल

पराजुलीका केही राष्ट्रिय विभूतिहरू (भाग १, २०४५) केही राष्ट्रिय विभूतिहरू (भाग २, प्रकाशन मिति अनुल्लिखित), प्रसिद्ध पाँच वैज्ञानिकहरूको जविनी (२०४५), हाम्रा प्रसिद्ध साहित्यकार (२०४६), हाम्रा केही प्रसिद्ध साहित्यकार (२०५३), केही राष्ट्रिय विभूतिहरू (भाग ३, २०५५), केही प्रसिद्ध साहित्यकार (भाग ३, २०५८), हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग ४, २०५९), हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग ५, २०५९) र हाम्रा केही प्रसिद्ध साहित्यकार (भाग ६) जीवनीसङ्ग्रह, नानीको बानी (२०५३) बालनिबन्धसङ्ग्रह एवम् रूपाको साहस (२०५६) बालकथासङ्ग्रहहरूले पनि नेपाली बालसाहित्यका क्षेत्रमा महत्वपूर्ण योगदान दिएका छन् ।

कल्पना प्रधानले रूपैयाँ फल्ने रुख (२०३८), मेरो सानो घोडा (२०३८), हिरा र मोती (२०३९), पञ्चतन्त्रका पाँच कथा (२०३९), अर्थ न बर्थका कुरा (२०४०), सेती परी काली परी (२०४२), खिच्रीमिच्री (२०४४), अपरा (२०४४), खरायो र उनको छाया (२०४७), दयालु परी (२०५२), शोकाकुल ढुङ्गाहरू (२०५२), सुनचाँदीको बालक (२०५३), घोडाको मोल (२०५४), मित्रता (२०५५), बीनाको बर्थ-डे (२०५५), दाउरेको छोरा (२०५६), हिमकन्या (२०५८) र मामाको बिहे (२०५८) बालकथासङ्ग्रह, चीं मुसी चीं (२०४३), नानीका साना कविता (भाग १, २०५६), र मेरो सानो खरायो (२०५९), बालकवितासङ्ग्रह र पराक्रमी फर्सी (२०५८) बालगीतिकाव्यबाट बालसाहित्यका कथा र कविताविधामा योगदान दिइन् । यस्तै जमुनीको छोरा (२०४१), बाँ बाँ बाच्छी (२०४४), भँगेरी (२०५१), बालबोध-२ (२०५३), नेपाल आमा (२०५६) घान्द्रुक झलल (२०५९), आमाजस्ती गुरुमा (२०६०) वालकविता-गीतसङ्ग्रह , पानी पानी (२०४९) वालकाव्य र च्यान्टे घोडाको कथा (२०६०) चित्रकथाका माध्यमबाट रामबावु सुवेदीले बालकविता र चित्रकथाका क्षेत्रमा मलजल दिए भने दैवज्ञराज न्यौपानेले तोतेबोली (२०३८), गाउँखाने कविता (२०४३), बालसंसार (२०५३) र सबै हाम्रा साथी (२०५६) बालकवितासङ्ग्रह एवम् हुने विरुवाका चिल्ला पात (२०४५) वालव्यक्तित्वसङ्कलनबाट बालसाहित्यको वालकविता र जीवनी विधामा विशेष योगदान दिए ।

माथि चर्चा गरिएका लेखकहरूमध्ये ध्रुवकृष्णदीप, जनकप्रसाद हुमागाई, प्रेमा शाह, गोपाल पराजुली, कल्पना प्रधान, रामबाबु सुवेदी, दैवज्ञराज न्यौपाने, कवितारामजस्ता सक्रिय बालसाहित्यलेखहरू यसै चरणमा देखा परेका हुन् । दोस्रो चरणमै देखापर्ने अन्य प्रमुख बालसाहित्यलेखहरूमा काशीराज सुवेदी, कृष्णप्रसाद दुवाल, गुहनाथ पौडेल, दुर्गालाल श्रेष्ठ, पद्मप्रसाद देवकोटा, पुण्यशील गौतम, प्रभा भट्टराई, प्रमोद प्रधान, बूँद राना, भानुभक्त पोखरेल, मधुसूदनप्रसाद घिमिरे, माधवलाल कर्माचार्य, रामकुमार पाँडे, रामेश्वर राउत 'मातृदास', विजयराज न्यौपाने, शरद् पौडेल, शारदा अधिकारी, शारदारमण नेपाल, शैलेन्दुप्रकाश नेपाल, श्यामप्रसाद, सिद्धिचरण श्रेष्ठ र सुवर्णराम जोशीले बालकविता-काव्यका क्षेत्रमा योगदान दिएका छन् । अमर तुम्याहाङ, कलानिधि दहाल, गोबिन्दबहादुर कुवँर, गोविन्दराज विनोदी, गोरखबहादुर सिंह, जगत् प्रेक्षित, जगदीशचन्द्र भण्डारी, ज्योति शाक्य, नन्दु उप्रेती, पेशल आचार्य, पुरण शाक्य, पोखरेली काका, बलभद्र भारती, बी. कौडिन्य, भगवती जोशी, भारद्वाज मित्र, मित्रलाल पंज्ञानी, विनोद न्यौपाने, विवश पोखरेल, हरिहर तिमिल्सिना, हिरण्य भोजपुरे आदिका पनि बालकवितासङ्ग्रह प्रकाशित छन् ।

बालकथाका क्षेत्रमा अनन्तप्रसाद वाग्ले, कनकमणि दीक्षित, कपिल लामिछाने,

कमलप्रसाद शर्मा, कार्तिकेय घिमिरे, किशोर पहाडि, कुमार ज्ञवाली, खगेन्द्र सङ्ग्रौला, गुहनाथ पौडेल, गोपीकृष्ण शर्मा, गोपी सापकोटा, गोरखबहादुर सिंह, तेजप्रकाश श्रेष्ठ, ध्रुव घिमिरे, पुण्यशील गौतम, वानियाँ कान्छा, मधुसूदनप्रसाद घिमिरे, यदुनन्दन के.सी., रञ्जुश्री पराजुली, रामकुमार पाँडे, रामेश्वर राउत 'मातृदास', विजय चालिसे, शान्तदास, शारदारमण नेपाल, शारदा अधिकारी (ढकाल), शाश्वत पराजुली, स्याहुते दाई, हिरण्यकुमारी पाठकको योगदान अत्यन्त महत्वपूर्ण छन् । यस्तै अशेष मल्ल, ओजश्री, कमला कुँवर, काननलाल शर्मा, डा. गणेश भण्डारी, गीता सापकोटा, गेहेन्द्रभूषण पोखरेली, गङ्गा निरैला, जनार्दन जागरुक, ज्योति अधिकारी, दामोदर घिमिरे, देविना प्रधानाङ्ग, नवराज रिजाल, नारायण खकुरेल 'नास्तिक', नारायण ढकाल, पुष्पलता आचार्य, पोष चापागाई, प्रतापमान शाक्य, मनिक्रम शर्मा, महेश पौडेल, माधव काभ्रेली, मुन्नी सपकोटा, राजनारायण प्रधान, राममणि दुवाडी, रेवती राजभण्डारी, रोशन न्यौपाने, लक्ष्मी उप्रेती, वासुदेव मुनाल, विवश वस्ती, विष्णुप्रसाद रिजाल, विष्णुराम अदिप्त, शर्मिला घिमिरे, शान्ति उप्रेती, शिवहरी अधिकारी, शैलेन्दुप्रकाश नेपाल, शोभियतराम विष्ट, शङ्कर कोइराला, श्याम डोटेल, सागरमणि थापा, सुधा रिसाल शर्मा, सुभद्रा पन्त, सुरेन उप्रेती, सौरभकिरण श्रेष्ठ, हरिप्रसाद पन्तले पनि यस चरणमा बालकथासङ्ग्रह प्रकाशित गरेको देखिन्छ ।

बालएकाङ्की-नाटकका क्षेत्रमा गेहेन्द्रभूषण पोखरेली, जयराज रेग्मी, दिनेश अधिकारी, विजय चालिसे, श्यामदास वैष्णव, शारदारमण नेपाल र सरुभक्त, बालोपयोगी जीवनीका क्षेत्रमा अनन्तप्रसाद वाग्ले, कन्हैया नासननी, जयप्रसाद लम्साल, तुलसीदास महर्जन, तेजप्रकाश श्रेष्ठ, द्रोण दाहाल र विजय चालिसे तथा चित्रकथाका क्षेत्रमा अगाथा पाखिन थापा, अशोकरत्न बज्राचार्य, चूडामणि बन्धु, रवीन नेपाली, विजयराज आचार्य, शारदा अधिकारी (ढकाल), शाश्वत पराजुली, शान्ति उप्रेती र सपनाले यस चरणमा कृतिहरू प्रकाशित गरेर दिएको योगदानलाई पनि यहाँ बिर्सन सकिँदैन ।

यस बाहेक अन्य विविध विषयका बालोपयोगी पुस्तक लेख्नेहरूमा उत्तम उप्रेती, उषा दीक्षित, डा. छविलाल गजुरेल, तेजप्रकाश श्रेष्ठ, डा. तीर्थबहादुर श्रेष्ठ, दिनेशराज पन्त, दुर्गा रेग्मी, प्रकाशचन्द्र शर्मा, डा. भूपहरि पौडेल, मनुजबाबु मिश्र, विमललाल श्रेष्ठ, विश्वम्भर चञ्चल, रत्न वस्नेत, राज्यलक्ष्मी मास्के, रूपा मानन्धर, श्यामप्रसाद, सागरनाथ उप्रेती प्रमुख छन् ।

फुटकर रूपमा बालकविता लेख्नेहरूमा कालीप्रसाद रिजाल, कृष्णप्रसाद बस्याल, गोपाल पौडेल, गौरी प्रधान, तीर्थराज शर्मा अधिकारी, प्रमोद स्नेही, मञ्जुल, रमेशचन्द्र घिमिरे, विष्णु भट्ट र क्षेत्रपात अधिकारी, बालकथा लेख्नेहरूमा अनिल पौडेल, इन्दिरा कोइराला, भागीरथी श्रेष्ठ, सावित्री मल्ल तथा बालोपयोगी जीवनी लेख्नेमा भीम खरेल छन् । बालगीतको रचना, संगीत तथा गायनमा अमर लामा, आभास फुयाँल, कुवेर गड्तौला, गुजे मालाकार, गोपाल योन्जन, दिव्य खालिङ, नुपूर भट्टाचार्य, न्ह्यु बज्राचार्य, रामेश, वासुदेव मुनाल, शक्तिबल्लभ आदि प्रमुख देखिएका छन् । अहिले बालपत्रिकाहरूमार्फत् नयाँ पुस्ताका थुप्रै लेखक वालसाहित्यका विभिन्न विधामा सक्रियतापूर्वक लागिरहेको पाइन्छ, यो भने सन्तोषको विषय हो ।

यस्तै विभिन्न भाषामा लेखिएका बालसाहित्यलाई नेपाली भाषामा अनुवाद गरी प्रस्तुत गर्ने कार्यमा पनि अहिले थुप्रै व्यक्ति लागिपरेका छन् । यस्ता लेखकहरूमा रमेश विकल, शान्तदास, भुवनेश्वरी सत्याल, कृष्णप्रकाश श्रेष्ठ, राजेन्द्र मास्के, खगेन्द्र सङ्ग्रौला, शारदारमण नेपाल, विजय

चालिसे, गोविन्दराज भट्टराई, सपना (२०१५), कृष्णदीप सिग्देल, विजयराज आचार्य (२०३३) आदि बढी सक्रिय रहेका छन् ।

स्रोतः **नेपाली बालसाहित्यको इतिहास**, लेखक प्रमोद प्रधान, प्रकाशक विवेक सिर्जनशील प्रकाशन, दोस्रो संस्करण २०६१ । कम्प्युटर टाइपसेटिङः उन्नति श्रेष्ठ ।